"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक–झापा
१ नं. प्रदेश, नेपाल

☎: ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. ६५८८

मितिः २०७७।०३।२३

श्री सबै वडा कार्यालयहरु

दमक नगरपालिका

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुरुप सामाजिक सुरक्षा भत्ता प्रप्त गर्ने लाभग्राहीहरुले आगामि आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावन १ गते देखि पौष मसान्तभित्र नाम नवीकरणको लागि निवेदन दिनुपर्ने ब्यवस्था रहेको मा हाल सामाजिक सुरक्षा नियमावली, २०७६ लागु भईसकेपछी नियमावलिको नियम ९ अनुरुप प्रत्येक आर्थिक वर्षको श्रावन मसान्तभित्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । सो परिवर्तित व्यवस्था अनुरुप श्रावण मसान्तभित्र लाभग्राहीहरुको नाम नवीकरण गर्नको लागि सम्बन्धित सबै वडा कार्यालयहरुमा यो सूचना प्रकाशित गरिएको छ ।

२०७७।३।२२

गणेश प्रसाद तिम्सिना

प्रमुख प्रशासकिय अधिकृत

"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक–झापा
१ नं. प्रदेश, नेपाल

☎: ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. ६८९९

मितिः २०७७।०३।२३

श्री सबै वडा कार्यालयहरु
दमक नगरपालिका

विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १७६५, मितिः २०७७/०३/१८ को पत्रानुसार "नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकले सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको छ । उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृतिभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुदाँ विदेशी सरकार बाट नियमित रुपले निवृतिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनि मिति २०७७/०३/१७ (मा.मन्त्रीस्तर) बाट निर्णय भएको हुदाँ सोहि बमोजिम गर्न गराउन हुन" भनि लेखि आएकाले सोही बमोजिम निर्णय कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।

गणेश प्रसाद तिम्सिना
प्रमुख प्रशासकिय अधिकृत